स्थानीय राजपत्र
मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित
बर्ष ८ मध्यपुर थिमि भक्तपुर फागुण १३ ,२०८१
भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको **मध्यपुर थिमि नगरपालिकाका करारमा कार्यरत कर्मचारीहरु लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८१** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको कार्यविधि, नं.

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/१३

## मध्यपुर थिमि नगरपालिकाका करारमा कार्यरत कर्मचारीहरु लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८१

**प्रस्तावना:-** नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकहित लाई सुनिश्चिता गर्न बान्छनिय भएकाले मध्ययपुर थिमि नगरपालिका, नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी **"मध्यपुर थिमि नगरपालिकाका करारमा कार्यरत कर्मचारीहरु लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धि कार्यविधि, २०८१"** वनाईएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको **"मध्यपुर थिमि नगरपालिकाका करारमा कार्यरत कर्मचारीहरु लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८१"** रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुनेछ।

२.परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "कार्यविधि"भन्नाले मध्यपुर थिमि नगरपालिकाका करारमा कार्यरत कर्मचारीहरु लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिका सम्झनु पर्दछ।

(ग) "नगरकार्यपालिका" भन्नाले मध्यपुर थिमि नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको सभालाई सम्झनु पर्दछ।

(ङ) "वडा" भन्नाले मध्यपुर थिमि नगरपालिकाको सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(च) " प्रमुख " भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(छ) "उप- प्रमुख " भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले नेपाल सरकारबाट स्विकृत योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को कोष सम्झनु पर्दछ ।

(ञ) "करारका कर्मचारी" भन्नाले मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तलब भत्ता भुक्तानी गर्ने गरि करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

३. **जिम्मेवारी र उत्तरदायित्वः-** (१) नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तलब भुक्तानी गर्ने गरि करार सेवाका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लैजानु मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयको जिम्मेवारी रहने छ।

(२) नगरकार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई बार्षिक रुपमा रोजगारदाताले बुझाउन पर्ने रकम सुनिश्चितता गरि नगर सभाबाट विनियोजित गराउन पर्नेछ ।

(३) मध्यपुर थिमि नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लैजानु मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयले गर्नु पर्दछ ।

(४) मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट कम्तिमा ६ प्रतिशत र रोजगारदाताको तर्फबाट ६ प्रतिशत जम्मा १२ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्दछ ।

४. **समिति गठनः- (१)** करार सेवाका कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन देहाय वमोजिमको समिति गठन गरिने छ ।

(क) प्रमूख प्रशासकीय अधिकृतः- संयोजक

(ख) महाशाखा प्रमुख ( सबै) :- सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुखः- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकामा निरन्तर ६ महिना वा सो समय भन्दा वढी सेवा अवधी कार्य गरेका करार सेवाका कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सुचिकृत हुने संख्याको एकिन गर्ने ।

(ख) नेपाल सरकारवाट जारी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन , सो संग सम्वन्धीत नियमावली, कार्यविधि ,परिपत्र अध्ययन गरी करारका कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

(ग) बिधुतिय माध्यमबाट नगरकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सुचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सुचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सुचिकृत गर्ने ।

(ङ) अन्य आवश्यक कार्य गर्ने ।

(५) **थपघट ,हेरफेर वा संशोधन** :-यो कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक्ता अनुसार थपघट , हेरफेर वा संशोधन गर्न सक्ने छ ।

(६) **बाधा अड्काउ फुकाउ** :- यो कार्यविधि कार्यन्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अडेकाउ फुकाउन आवश्यक ब्यबस्था गर्न सक्नेछ ।

(७) **खारेजी तथा बचांऊ** :- यो कार्यविधिमा व्यवस्था भएका बिषय वा कुराहरु प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

प्रमाणीकरण मिति २०८१।१२।११

२०८१।१२।११

आज्ञाले

राम बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत